नेवाः देय् दबू

नेवाः देय् दबू केन्द्रीय समिति

का.म.पा.-१२, काठमाडौं विजनेश पार्क, बुद्धबारी, टेकु

का.जि.का.द.नं. ८८७/०५७/०५८
पान नं. ३०१५९१५७३
स.क.प.नं. १९३११

NEWA DEY DABOO

जो जससँग सम्बन्धित छ ।

आदिवासी नेवाः समुदायको मूल आदिथलो नेपाःगाःमा आजभन्दा ४००० वर्ष अगाडि देखि ब्यवस्थित बस्ती बस्न थालेको विद्धानहरुको मत देखिन्छ । व्यवस्थित सहरी सभ्यता र जनजीवनको रितिथिति बसाल्ने क्रममा यहाँ बसोबास गर्ने मानिसहरुले गर्ने कामको विभाजन गरियो। कालान्तरमा सोही कामका आधारमा समूहवाचक थर वा जात विभाजन देखियो। सहर वस्ती बसाल्ने क्रममा कुन काम कुन थरका गर्ने र ती ब्यक्तिहरुको बस्ने घर सहरको कुन स्थानमा रहने भन्ने निर्धारण गरियो। यसलाई त्यसबेलाको सबैले मान्नुपर्ने सामाजिक अनुबन्धनको रुपमा बुझ्न सकिने देखिन्छ।

रुक्साना कपालीजुले आफ्नो निवेदनमा उल्लेख गर्नुभएको जुगि जात जसअन्तर्गत कपाली, दर्शनधारी, कुस्ले थर लेख्ने पर्दछन् । यस जातको बसोबास बस्तीमा मन्दिर वरपर रहेको सतलमा हुने ब्यवस्था गरिएको देखिन्छ । हिन्दू धर्म अन्तर्गत शैव सम्प्रदायका जुगी जात सांसारिक जीवन पद्दतिबाट पृथक रही तन्त्रसाधना गर्ने गर्दथे। जुगीबाहेक अन्य थर लेख्ने जातका समुदाय प्राचीन कालको काम वा श्रम विभाजन अनुसार नदी किनार, बहाल, मन्दिर, मूल बस्तीको ढोका छेउ, बन छेउ, ढुंगेधारा छेउ वा दरवार नजिक बस्ने गर्दथे। यसरी जो जहाँ जसरी बसे पनि स्वबासी नै हुन् भन्ने स्पष्ट छ। नयाँ कानून लागु भई जग्गाको स्वामित्वको कागजात प्रदान गर्ने क्रममा सामाजिक, साँस्कृतिक, आर्थिक र राजनैतिक कारणबाट अझै पनि सो अधिकारबाट बञ्चित रहेको अवस्था छ।

कानून भन्नु पनि एक किसिमको सामाजिक सम्झौता नै हो । नयाँ कानून ल्याएर पुराना सामाजिक र साँस्कृतिक सम्झौताका आधारमा लागु हुदै गरेका काम कुरालाई निषेध गर्नु उचित ठहरिन सक्दैन। रुक्साना कपालीजुले उठाउनु भएको विषय पनि यो भन्दा भिन्न विषय होइन । आदिवासीहरुलाई परम्परागतरुपमा बसोबास गर्दै आएको बासस्थानबाट बेदखल गर्ने कार्य संविधानको धारा ३७ ले सुनिश्चित गरेको आवासको हक, धारा २५ ले सुनिश्चित गरेको सम्पत्तिको हक तथा धारा १८ ले सुनिश्चित गरेको समानताको हकको विपक्षमा छ नै नेपाल सरकारले अनुमोदन गरेको अन्तराष्ट्रिय महासन्धिका बुँदाहरुको समेत विपक्षमा छ। मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, मानवअधिकार सम्बन्धी नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ तथा आर्थिक, सामाजिकक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ साथै सन् २००७ मा आईएलओ.महासन्धि १६९ मा उल्लिखित धाराहरुले नेपाल सरकारको कानून कार्यान्वयनलाई निर्देशित गरेको आदिवासीको सामाजिक, साँस्कृतिक परम्परा र बसोबासको निरन्तरताको अधिकारको रक्षासँग पनि यो विषय सम्बन्धित रहेको छ।

अन्त्यमा निज रुक्साना कपालीले आयोगमा दर्ता गराएको निवेदन आदिवासी नेवाः समुदायको सामाजिक र साँस्कृतिक अधिकारसँग जोडिएको सन्दर्भमा जुगि जात लगायत सोही प्रकृतिको उत्पीडन भोगिरहेका जात र समुदायको आवासीय मानव अधिकार सुनिश्चित गराउने पक्षमा नेवाः देय् दबू दृढताका साथ उभिएको जानकारी गराउन चाहन्छौ।

ने.सं. ११४४ चिल्लागा नवमी
२०८० चैत्र २१

पवित्र बज्राचार्य
(अध्यक्ष)